**स्थानीय राजपत्र**

**पालुङटार नगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड १ पालुङटार, मिति २०७५/०३/२० सङ्ख्या १**

नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पालुङटार नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए वमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ :-

## भाग -१

## पालुङटार नगरपालिका शिक्षा ऐन, २०७५

**प्रस्तावना:**

नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरेकाले सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै नगरिभत्रका सबै बालबालिकाहरुका लागि क्रमश: अनिवार्य, निशूल्क, गुणस्तरीय र सान्दर्भिक विद्यालय शिक्षाको व्यवस्था मार्फत प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरि संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारीत प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस पालुङटार नगरपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, "नेपालको संविधान २०७२ को धारा २२६, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ , दफा ११ -ज) र दफा २१ ले दिएको अधिकार प्रयोग गरि पालुङटार नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पालुङटार नगरपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन पालुङटार नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन पालुङटार नगरपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले स्थानीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगरपालिकाको कार्यपालिका लाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ४८ बमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधानबमोजिम गठन भएको नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत वा सो सरहको कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले दफा ४७ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले दफा २८ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन (३) वर्ष उमेर पूरा भई चार (४) बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले दफा २१ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले संघीय सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ । सो शब्दले प्रदेशको शिक्षा क्षेत्र हेर्ने मन्त्रालयलाई समेत जनाउनेछ ।

(त) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनु पर्छ ।

(द) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानुनवमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ध) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुनवमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) "नगर शिक्षा समिति" भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको स्थानीय तहको सभाले गठन गरेको दफा १७ अनुसारको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ ।

(प) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले स्वीकृति प्राप्त गरि

स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(म) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(य) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(र) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ल) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरि अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(व) "अभिभावक" भन्नाले सम्वन्धित विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको संरक्षक भई पालन पोषण गर्नु पर्ने परिवार भित्रका अभिभावक सम्झनु पर्दछ । सो शब्दले आफैले पालन-पोषण गर्नु पर्ने छोरा वा छोरी तिरका सन्ततिका अभिभावक समेत जनाउने छ ।

(स) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(श) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ष) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(क्ष) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा , अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(त्र) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

## परिच्छेद- २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछन् :**

(क) माध्यमिक तह : कक्षा १२ सम्म अध्यापन हुने

(ख) आधारभूत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्:-**

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही

भाषा हुनेछ,

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** :

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरि विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**८. विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:**

(१) कुनै नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा बडा समितिको सिफारिस लिई शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै तोकिएको विवरण खुलाई नगर शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारीत मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरि शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न संघीय र प्रादेशिक कानुनमा भएको व्यवस्थाअनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण गर्न सक्ने छ ।

(४) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एसइई) सञ्चालनका लागि

कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकीन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्ने छ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरि अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरि मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठिको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । नगर कार्यपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(११) यसअघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐनवमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेस गर्नु पर्नेछ ।

९. **धरौटी राख्नु पर्ने:** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षणबापत देहायबमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पन्ध्र लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दश लाख

(ग) पूर्व प्राथमिक ( प्रारम्भिक बाल विकास केन्द्र) विद्यालयको लागि पाँच लाख पचास हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सीमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा वा मुनाफा नलिने विद्यालय सञ्चालनको लागि कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. **धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटीबापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

११. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐनवमोजिम पालना गर्नुपर्ने छ ।

१२. नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१३. **विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्ने :** (१) सामुदायिक तथा संस्थागत विद्यालयहरुले पूरा गर्नु पर्ने पूर्वाधारहरु तोकिएबमोजिम हुने छ । प्रचलित कानुन

अनुसार तोकिएको पूर्वाधार तयार नहुदा सम्म विद्यालयहरुलाई सञ्चालनको लागि अनुमति दिइने छैन ।

(२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द हुनेछ ।

(३) सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा सहयोग गर्ने दायिन्व संघ, प्रदेश र नगरपालिकाको हुने छ ।

१४. **बाल गृहको संचालनः** नगरपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह संचालन गर्न पाउनेछ। बाल गृह संचालनको लागि आवश्यक प्रकृिया नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

१५. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१६. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न, विद्यालयको तह वा कक्षा घटाउन, कक्षा थप गर्न सक्ने :**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। कुनै विद्यालयमा संघीय कानुन र नगरपालिकाले तोकेको कक्षागत संख्याको २० प्रतिशत भन्दा कम अनुपातमा विद्यार्थी संख्या भएमा विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा नगर शिक्षा अधिकारीले सिफारिस गरेमा वडा शिक्षा समितिको सिफारिस र सहमतिमा नगर शिक्षा समितिले निर्णय गरि दुई विद्यालयलाई गाभ्न सकिने छ ।

(२) दुई वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चलन गर्ने निर्णयका साथ वडा समितिको सिफारिससहित नगर शिक्षा कार्यालयमा निवेदन दिएमा वा नगरपालिकाले तोकिएबमोजिमको शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम

परीवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारणसहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समितिमार्फत नगर कार्यपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेस हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(५) कुनै विद्यालय विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा शाखाको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

(६) विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

## १७. शाखा विद्यालय सञ्चालन गर्न सक्ने

तोकिएको सीमाभन्दा कम विद्यार्थी भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरि नगरपालिकाले तोक्न सक्ने छ । यसरी ताकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोकेबमोजिम हुने छ ।

## १८. ठूला (मेघा) विद्यालय सञ्चालन गर्न सक्ने

१. हाल सञ्चालनमा रहेको कुनै इच्छुक विद्यालयले दफा १३ मा उल्लिखित पूर्वाधारका अतिरिक्त निम्नबमोजिमका पूर्वाधार र शर्त पूरा गरेमा नगरपालिकाले ठूला विद्यालयको रुपमा सञ्चालन स्वीकृति दिने छ ।

क. कम्तीमा १००० भन्दा बढी विद्यार्थी भएको

ख. न्यूनतम तहगत र विषयगत दरबन्दी भएको

ग. आधारूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र प्रवेशिका परीक्षाको नतिजा राष्ट्रिय स्तरभन्दा उच्च रहेको

घ. पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको ।

२. यस्ता विद्यालयहरुलाई संघ, प्रदेश र नगरपालिकाले थप लगानी गर्न सक्ने छ। यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ।

**१९. शिशु ,स्याहार, प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धी व्यवस्थाः**

(१) तोकिएको मापदण्डमा आधारीत भई प्रारम्भिक बाल शिक्षाको अनुमति वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिले दिने छ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि दुई वर्षको हुने छ।

(३) तीन वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पूरा भएका बालबालिकालाई यस्ता शिक्षाको अनुमति वडा कार्यालयले दिने छ।

(४) सामुदायिक बालविकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिएबमोजिम सञ्चालन गरिने छ।

(५) तीन बर्ष उमेर नपुगेका बालवालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ। यस्ता केन्द्रहरुको अनुमति र सञ्चालन तोकिएबमोजिम हुने छ।

**२०. नगरपालिकाले आफ्ना नागरिकहरुको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरि विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा , दूर तथा खुला शिक्षा र प्राविधिक तथा व्यावसायिक तालिमको व्यवस्था गर्न सक्नेछ।**

## परिच्छेद : ३

## कार्यपालिका, नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय शिक्षा अधिकारी र वडा समितिको काम कर्तव्य र अधिकार

**२१. कार्यपालिकाः (१)** शिक्षासम्बन्धी नीति , योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने

(३) शिक्षा सम्बन्धी बार्षिक, अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(४) कार्यपालिकाको अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

**२२ नगर शिक्षा समितिसम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष
(ख) नगर उप प्रमुख - सदस्य
(ग) नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट प्रमुखले तोकेको महिला १ समेत २ जना-सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रमुखले तोकेको एक जना प्रधानाध्यापक - सदस्य
(च) शिक्षक महासंघका् अध्यक्ष वा निज महासंघले तोकेको प्रतिनिधि एक जना - सदस्य
(छ) नगर शिक्षा समितिको सिफारीसमा प्रमुखले छनौट गरेको स्थानीय शिक्षाप्रेमी एक जना - सदस्य
(ज) नगर कार्यपालिकाको सामाजिक विकास समिति हेर्नेएक जना - सदस्य
(झ) विज्ञहरु मध्येबाट प्रमुखले तोकेको एक जना - सदस्य
(ञ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(२) समितिको बैंठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा नगर कार्यपालिका बाट तोकिएबमोजिम हुनेछ ।
(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नुअघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट वञ्चित गरिने छैन ।
(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :
(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारबाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरि नगरपालिकामा पेस गर्ने

(ध) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(प) आवश्यकताअनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरि सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरि शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(भ) शिक्षक तालिम नीति तर्जुमा गरि लागु गर्ने ।

(म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) शैक्षिक सूचना प्रणाली स्थापना गरि सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(र) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(व) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२३. नगरपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना नगर शिक्षा अधिकारी रहने छन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

(१) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरि नगर कार्यपालिकामा पेस गर्ने

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारीत नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने

(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(६) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(७) शिक्षा अधिकारीको अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**२४. प्रमुख प्रशासकीय अधिकृतः**

(१) शिक्षा सम्बन्धी नीति, कानुन र योजनाको मस्यौदा प्रस्ताव गरि कार्यपालिका र नगरसभामा पेस गर्ने ।

(२) प्रमुख प्रशासकीय अधिकृतको अन्य काम, कर्तव्य तोकिएबमोजिम हुने छ ।

**२५. वडा शिक्षा समितिसम्बन्धी व्यवस्थाः**

(१) वडा स्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले तोकेको दुई जना - सदस्य
(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य
(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।
(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।
(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) अभिभावक र शिक्षकवीच विवाद भएमा त्यसको समाधान गर्ने ।
(च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने ।
(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।
(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।
(ञ) नगर शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने ।
(ट) वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

## २६. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-
(क) समितिका सदस्यहरूले खण्ड (ख), (घ) र (छ) मध्येबाट छानेको व्यक्ति - अध्यक्ष
(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला सहित ४ जना - सदस्य
(ग) शिक्षक अभिभावक संघको अध्यक्ष १ जना - आमन्त्रित सदस्य
(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना - सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी मध्येबाट नगर शिक्षा समिति प्रमुखले मनोनित गरेको १ जना - सदस्य

(च) शिक्षकहरुले आफू मध्येबाट छानिपठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

(छ) सम्वन्धित वडा समितिले आफूहरु मध्ये तोकेको १ जना - सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(झ) अध्ययनरत विद्यार्थीहरुमध्येबाट छात्र-छात्रा दुई (२) जना आमन्त्रित सदस्यको रुपमा उच्चतम कक्षामा अध्ययनरत छात्र छात्रा मध्ये बाट १/१ जना छात्र/छात्रा आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

(२) उपदफा (१) को (क) बमोजिमको समितिका सदस्यहरुबाट अध्यक्ष छनौट हुन नसकेमा विद्यालय व्यवस्थापन समिति गठन भएको १५ दिन भित्रमा आफुहरुमध्येबाट सम्भावित ३ जनाको नाम नगर शिक्षा समितिमा सिफारिस गरि पठाउने र नगर शिक्षा समितिले १ जना अध्यक्ष छनौट गर्ने छ ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि २ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइ राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) स्वीकृत दरवन्दीअनुसारका शिक्षकहरुको खोजी गरि काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(झ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टार्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने

(ट) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ठ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरि नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(त) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्ने छ ।

(७) नगर शिक्षा समितिले आवश्यक देखेमा नगर कार्यपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरि व्यवस्थापन गर्न सक्ने छ ।

२७. **शिक्षक अविभावक संघः** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि नगर शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

२८. **विद्यालय सञ्चालन कार्यविधिः**

(१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता , सञ्चालन प्रकृिया, शिक्षक , कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरुको आचार संहिता, शिक्षक कर्मचारी अभिभावक , विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी , कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारीत गराई नगर शिक्षा समितिबाट स्वीकृत गराई लागु गर्नु पर्ने छ ।

(२) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिएको कानुनबमोजिम हुने छ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२९. नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा कार्यालयले शिक्षकको दरबन्दी निर्धारण गर्नेः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण नगर शिक्षा कार्यालयले गर्नेछ ।

(२) नगर शिक्षा कार्यालयले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्डबमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरि नगर शिक्षा कार्यालयमा राख्नु पर्नेछ ।

**३०. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता**

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ ।

**३१. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः-

(क) विनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरि आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औसत शैक्षिक उपलब्धि ४० प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट

हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र तालिम

### ३२. शिक्षकको नियुक्ति

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरुको नियुक्ति संघीय कानुन बमोजिम शिक्षक सेवा आयोगको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार स्थानीय शिक्षा अधिकारीले गर्ने छ ।

(२) विद्यालयमा रिक्त दरबन्दी, शिक्षक अनुदान कोटा तथा निजि स्रोतमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको नगर स्तरीय शिक्षक छनौट समिति हुनेछ :-

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) स्थानीय शिक्षा अधिकारी वा सोको काम गर्न तोकिएको व्यक्ति – अध्यक्ष

(ख) नगर प्रमुखले मनोनित गरेको विषय विशेषज्ञ दुई जना – सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विषय विशेषज्ञको योग्यता देहाय अनुसार हुने छ ।

क) शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा कम्तीमा १० बर्ष काम गरेको

(ख) कम्तीमा १ बर्षदेखि कुनै पनि राजनीतिक दलको सदस्य नरहेको ।

(३) समितिको शिक्षक नियुक्ति प्रकिया कार्यविधि कानुनले तोकिए बमोजिम हुनेछ ।

## ३३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापक नियुक्तिका लागि नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा कार्यालयले योग्यता पुगेका शिक्षकहरु मध्ये बाट प्रतिस्पर्धाको आधारमा विज्ञापनका माध्यमबाट छनौट गरिने छ । छनौट समिति प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा, नगर शिक्षा अधिकारी वा सो को काम गर्ने तोकिएको व्यक्ति सदस्य सचिव रहने गरि नगर शिक्षा समितिको सिफारिसमा अन्य २ जना विषय विज्ञ र १ जना व्यवस्थापकीय दक्षता भएका व्यक्ति सदस्य रहने व्यवस्था गरिने छ ।

(३) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहायबमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त स्थायी शिक्षक हुनु पर्नेछ ।

(ख) आधारभूत तहको कक्षा पाँच सम्मको विद्यालय भए कम्तीमा शिक्षा शास्त्रमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको हुनु पर्ने छ । आधारभूत तहमा प्रधानाध्यापक हुन शिक्षाशास्त्रमा स्नातक उपाधि प्राप्त वा सो सरह स्थायी शिक्षक हुनु पर्नेछ ।

(ग) विद्यालयमा कम्तीमा सोही तहमा पाँच बर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, व्यक्तिहरु मध्येबाट छनोट समितिको सिफारिस प्राप्त व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय बमोजिम ४ बर्षको लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(घ) प्रधानाध्यपकले नियुक्ति हुनु पूर्व चार बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समितिसमक्ष पेस गर्नु पर्ने छ ।

(ङ) प्रधानाध्यापकको अवधि ४ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ ।

(च) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरि विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(ङ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका

दिइनेछ ।

(च) माथि जुन सुकै कुरा लेखिएको भएतापनि दफा ३३ को उपदफा (३) बमोजिम प्रधानाध्यापक नियुक्ति नभएको अवस्थामा बरिष्ठताको आधारमा नियुक्ति गर्नेछ ।

(छ) अन्य व्यवस्था तोकिएको कानुनबमोजिम हुने छ ।

**३४. शिक्षकको सरुवाः**

(१) नगरपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र नगर शिक्षा समितिको स्वीकृतिमा प्रमुख प्रशासकिय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको  मात्र सरुवा गरिनेछ ।

(३) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ  ।

(४) कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहायबमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालय निरीक्षक वा स्रोतव्यक्तिबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकताभन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपनियम (५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह

गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति-पत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरि सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(९) सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(११) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोकिएबमोजिम हुनेछ ।

**३५. दरवन्दी मिलानः**

(१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**३६. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको संघीय कानुनबमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरि राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी

प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३८. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने:** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकिृया अवलम्बन गर्नुपर्नेछः-

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकारीसँग, शिक्षा अधिकारीले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरि कार्यपालिका समक्ष पेस गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार पारी नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

३९. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरि कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सिर्जनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

४०. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र-छात्राका लागि अलग-अलग शौचालय तथा सिकाइ मैत्री

वातावरण हुनु पर्नेछ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

## ४१. विद्यालयको सम्पत्तिः

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने छ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति नगरपालिकाको मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम नगरपालिकाको स्वामित्वमा रहनेछ ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान-दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

## ४२. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुनबमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ।

## ४३. विद्यालयको पाठ्यक्रम र पाठ्य्पुस्तकः

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरुप सिकाइ उपलब्धि हाँसिल हुने गरि अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरि पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारीत बढीमा १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरि लागु गर्न सक्ने छ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारीत पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

**४४. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** विद्यालयले पाठ्यक्रममा आधार ीत सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेदः ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

**४५. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिएबमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ।**

**४६. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरि विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफरिसमा नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य;

(घ) नगर शिक्षा अधिारीले तोकेको सो कार्यालयको एकजना प्रतिनिधि - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि दुई वर्षको हुनेछ।

**४७. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) नेपाल सरकार र नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने गराउने

(च) प्रचलित कानुनबमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

**४८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरि तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडासमिति र नगर शिक्षा शाखासमक्ष बुझाउनु पर्ने छ। प्रत्येक वर्ष नगर शिक्षा समितिबाट अनुमोदन गराउन पर्नेछ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिकसमेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधारसहित सार्वजनिक गर्नु पर्नेछ।

**४९. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने**: नगर शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

**५०. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**५१. अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**५२. नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ :-**

(क) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष
(ख) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट कम्तीमा १ जना महिला पर्ने गरि नगर शिक्षा समितिबाट मनोनित ३ जना - सदस्य
(ग) सम्बन्धित नगरपालिकाभित्र कार्यरत स्रोतव्यक्तिहरु - सदस्य
(घ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन नगर कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सक्ने छ ।

(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ ।

## परिच्छेदः ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

### ५३. विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सोकोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

### ५४. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरि तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान दिन सक्नेछ ।

**५५. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्तभित्र आगामी वर्षको बजेट तयार गरि व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**५६. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरुले प्रचलित कानुनअनुसारको ढाँचामा आय-व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै ब्यवस्था गरि कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**५७. सामुदायिक विद्यालयको खाता संचालन**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंकमार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गर्नुपर्नेछ ।

**५८. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समितिमार्फत नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरि विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरि पृष्ठपोषण लिनु पर्नेछ ।

**५९. छात्रवृतिको व्यवस्था गर्न सक्ने:** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई

शिक्षा विकास कोषबाट तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**६०. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**६१. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पार ीत गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन

सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१०
## बिदा तथा काज सम्बन्धी व्यवस्था

**६२.** विद्यालय विदा सम्वन्धमा

(१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादाम्यता कायम हुने गरि नगर शिक्षा अधिकारीले नगर शिक्षा समितिको सहमतिमा विद्यालयमा सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ ।

(२) शिक्षा शाखाको निर्देशनमा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरि वढीमा ३० दिन विद्यालय विदा दिन सकिनेछ ।

(३) व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ ।

(४) यस नियममा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

**६३.** शिक्षक तथा कर्मचारीले देहायबमोजिमका बिदाहरू पाउनेछ :

(१) शिक्षक तथा कर्मचारीले देहायबमोजिमका बिदाहरू पाउनेछ :

(क) भैपरी आउने बिदा वर्ष भरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रस्तुति बिदा प्रस्तुतिको अघि वा पछि गरि अन्ठानब्बे दिन,

(ङ) प्रस्तुति स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एकपटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरि बढीमा तीन वर्ष,

(झ) बेतलवी बिदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन ।

(३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरि शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरि बाह्र दिनसम्म थप बिरामी बिदा पेसकीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ। यसरी पेसकी बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेसकी लिएको बिदा स्वतः मिनाहा हुनेछ ।

(५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

(६) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रस्तुति हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रस्तुतिको अघि वा पछि गरि पन्ध्र दिन प्रस्तुति स्याहार बिदा पाउनेछ। प्रस्तुति स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ ।

(७) प्रस्तुति बिदा पाएको शिक्षक वा कर्मचारीले बढीमा दुईवटा बच्चाको लागि जनही एकमुष्ट पाँचहजार रुपैयाँ पाउनेछ ।

(८) कुनै शिक्षक वा कर्मचारीले कुल धर्मअनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको वावु, आमा, वाजे वज्यै, छोरा, छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ । महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ ।

(९) यस नियमबमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेस गर्नु पर्नेछ। यस्तो प्रमाणपत्र र प्रमाण पेस नगर्ने शिक्षक वा कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ ।

(१०) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन ।

(११) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि तलबसहितको अध्ययन बिदा दिन सकिनेछ ।

(१२) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा प्रत्येक शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

(१३) अध्ययन बिदा दिंदा देहायको प्रक्रिया अबलम्बन गरिनेछः-

(क)अध्ययन बिदा स्वीकृतिका लागि नगरपालिकामा सार्वजनिक रुपमा सूचना गरि इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

(ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेस गर्नु पर्नेछ। त्यसरी पेस भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरि सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजुरी गर्ने अवसर प्रदान गरिने छ। उजुरीकर्ताको उजुरीका आधारमा अन्तिम नामावली प्रकाशन गरि अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कवुलियत गराई अध्ययन अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ। यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेस गर्नु पर्ने,

(ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरेअनुसारको प्रतिवेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ।

(च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिने छ।

(१४)बेतलवी बिदा देहायका अवस्थामा दिइनेछः -

(क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाणसहित त्यस्तो शिक्षकले बेतलवी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरि नोकरी अवधिभर पाँच वर्षसम्म,

(ख) कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा

बस्नु पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउनु पर्ने भनी मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म बिदा दिन सक्नेछ ।

(१५) बेतलवी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(१६) भइपरि आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रस्तुति बिदा, प्रसूति स्याहार विदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलब पाउनेछ ।

(१७) असाधारण र बेतलबी बिदामा बसेको शिक्षक वा कर्मचारीले तलब पाउने छैन ।

(१८) यस नियम बमोजिमको असाधारण बिदा, अध्ययन बिदा र वेतलवी बिदा बाहेकका अन्य बिदाहरु अस्थायी शिक्षक र राहत शिक्षकले समेत पाउनेछन् ।

**६४. बिदा दिने अधिकारीः**

(क) प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ ।

तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भइपरि आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भइपरि आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

(ख)माथि जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलवी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

**६५. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः** शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन ।

**६६. अस्थायी शिक्षक वा कर्मचारीको बिदाको रकम सम्बन्धमा :** अस्थायी शिक्षक वा कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ ।

**६७. बिदा सहुलियत मात्र हुनेः** बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**६८. काज तथा दैनिक भ्रमण भत्ताः**

(१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि नगर कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

(२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले

व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

(३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले आफ्नै कोषबाट दिनु पर्नेछ ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपनियमबमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

**६९. यस परिच्छेदको व्यवस्था लागु नहुने :** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरि सामुदायिक विद्यालयमा नियुक्त शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागु हुने छैन । त्यस्ता शिक्षकले विद्यालयद्वारा तोकेबमोजिम बिदाको सुविधा पाउने छन् ।

**७०.** शिक्षक तथा विद्यालय कर्मचारी सजाय सम्बन्धी व्यवस्था संघीय कानुन र प्रादेशिक कानुनले व्यवस्था गरेवमोजिम हुनेछ ।

## परिच्छेदः ११

## विद्यालयको शल्क निर्धारण सम्बन्धी व्यवस्था

**संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः (१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहने छ :-**

क) नगर प्रमुख वा निजको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

ख) संयोजक, सामाजिक समिति - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

ङ) अभिभावकसँग सम्बन्धित सङ्गठन मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

च) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

२) शूल्क निर्धाण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्ने छ ।

३) शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुने छ ।

## परिच्छेदः १२

## विविध

**७१.** नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाका निर्धारीत विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**७२. नगरपालिकाले निर्देशन दिन सक्नेः**

(१)नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**७३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, बिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

**७४. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका

विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**७५. स्थानीय शिक्षा विकास कोष**

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ ।

२) कोषमा देहायबमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन नगरपालिका प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकारी रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**७६. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

**७७. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरुमा आवश्यक नियम बनाउन सक्ने छ :-**

(क) विद्यालयको नामकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन

(घ) अतिरिक्त तथा सह-कार्यकलाप

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन

(छ) विद्यालयको आयव्यय जाँच

(ज) विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका विद्यालयको किताब बही र अन्य कागजात तयार गर्ने तथा राख्ने

(झ) शिक्षक तथा विद्यार्थी आचार सहिता

(ञ) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय

(ट) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम

(ठ) भाषा शिक्षण , ट्युशन सेन्टर , तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा

(ड) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा

(ढ) विद्यार्थी परिवहन

(ण) संस्थागत विद्यालयको सञ्चालनसम्बन्धी सम्पूर्ण विषयहरु

(त) गुठी/सहकारी विद्यालय सञ्चालन सम्बन्धी

(थ) स्रोतकेन्द्र र स्रोत व्यक्ति

(द) अन्य ऐनमा उल्लेखित विषयहरु

**७८. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरि विगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेवमोजिम

सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम सजाय गरिनेछ ।

**७९. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।**

**८०. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**८१. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्य पालिकाले दिन सक्नेछ ।

**८२. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ। तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

**८३. बचाउ र लागु नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

**प्रमाणीकरण मितिः** २०७५/०३/०५

आज्ञाले
बीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत